चित्लाङ-थानकोट सडक बनाउन एक मत । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-०३ ● २०७९ साउन १६ गते सोमबार, ● 01 Aug. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## जनकल्याणको अधुरो भवन पूरा गर्न ठेक्का आव्हान गरिने

विकास संवाददाता
थाहानगर

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले थाहानगरका विकास योजनाहरूको अनुगमन गरेको छ । जिल्ला समन्वय उपप्रमुख सानुकाजी लुइटेलको नेतृत्वमा थाहानगर अन्तर्गतका योजनाहरूको अनुगमन गरेको हो ।

जिसस उपप्रमुख सानुकाजी लुइटेलको नेतृत्वमा आएको टोलीले थाहा नगरपालिका वडा नम्बर ३ मा निर्माणाधिन थाहा शीतभण्डार, जनकल्याण माविको अधुरो भवन, थाहा बसपार्क, थाहा पार्कलगायतका योजनाहरू अनुगमन गरेको हो । अनुगमनका क्रममा पालिकाले गरेका विकास निर्माणका कामहरूमा प्रभावकारिता पाइएको टोलीले प्रतिक्रिया दिएको छ ।

थाहा शीतभण्डार यस क्षेत्रका किसानहरूका लागि निकै सहयोगी सावित हुने जिसस उपप्रमुख लुईटेलले बताए । उनले कृषि त्यसमा पनि तरकारीको उर्वर भूमि थाहामा शीतभण्डार निर्माण सम्पन्न भई प्रयोगमा आउँदा छिमेकी पलिकाहरूलाई समेत फाइदा हुने बताए । थाहा शीतभण्डार १ हजार ७ सय मेट्रिक टन क्षमताको रहेको छ ।

अनुगमन टोलीले थाहा बसपार्कको पनि अनुगमन गरेको छ । पालिकाको गौरबको योजनाको रूपमा रहेको थाहा बसपार्कलाई प्रयोगमा ल्याउन अनुगमन टोलीले सुझाव दिएको छ । थाहा नगरपालिका वडा नम्बर ४ मा निर्माण भएको बसपार्क संचालनमा ल्याएर नागरिकलाई सुविधा प्रदान गर्न करिब तयारी अवस्थामा देखिएको बताउँदै अब क्रमशः संचालन ल्याउनु पर्ने अनुगमन टोलीको धारणा रहेको थियो ।

अनुगमन टोलीले जनकल्याण माविको निर्माणाधिन अधुरो भवनको पनि पनि अनुगमन गरेको छ । भारतीय दुतावासको सहयोगमा साविक जिल्ला विकास समिति मकवानपुरले वि.सं. २०७१ सालमा निर्माण प्रारम्भ गरिएको भवन निर्माण अलपत्र अवस्थामा परेकोमा पुनः



बाँकी कामको ठेक्का लगाउने विषयमा समेत छलफल भएको छ ।

श्री मिलेनियम शंकरमाली जे.भी. निर्माण कम्पनीसंग सम्झौता गरी भवन निर्माण थालिएकोमा उक्त कम्पनीले काम नगरेपछि ठेक्का रद्द हुँदा निर्माण सम्पन्न अनिश्चत भएको थियो । जिल्ला समन्वय समिति मकवानपुरको सिफारिसमा सो कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेपछि ठेक्का सवतः रद्द भएको हो ।

जनकल्याण माविको अधुरो भवन निर्माणका लागि करिब डेढ करोड रूपियाँ जिल्ला समन्वय समितिसंग हुने र सो बजेटबाट काम गरी विद्यालय निर्माण सम्पन्न गर्ने योजना रहेको जिसस मकवानपुरकी निमित्त जिल्ला समन्वय अधिकारी सुनिता गजुरेलले बताइन् । उनले भनिन्-'सुन्दा नि लाज लाग्ने अवस्था भैसक्यो ९ वर्षमा पनि विद्यालय निर्माण सकिएन, अब जिल्ला समन्वय समिति र थाहा नगरपालिकाको समेत सहभागितामा विद्यालय भवन निर्माण गर्नका लागि प्रतिवद्ध हुनुपर्छ ।' विद्यालय भवन निर्माणलाई पूर्णता दिनको लागि थाहा नगरपालिकाको प्राविधिकले बाँकी कामको इस्टिमेट गर्नका लागि सहयोग गरिदिन निमित्त समन्वय अधिकारी गजुरेलले अनुरोध गरिन् । थाहा नगरपालिकाले उक्त काम गर्नको लागि इन्जिनियर सन्तोष बोहरालाई तोकेको

> जनकल्याण माविको अधुरो भवन निर्माणका लागि करिब डेढ करोड रुपियाँ जिल्ला समन्वय समितिसंग हुने र सो बजेटबाट काम गरी विद्यालय निर्माण सम्पन्न गर्ने योजना रहेको जिसस मकवानपुरकी निमित्त जिल्ला समन्वय अधिकारी सुनिता गजुरेलले बताइन् ।

छ । जनकल्यण माविको भवन पूर्णताको लागि नगरपालिकाबाट सक्दो सहयोग गर्ने उपप्रमुख भरत गोपालीले बताए ।

विद्यालय भवन निर्माणका लागि जिल्ला समन्वय समितिको तर्फबाट समन्वय र सहकार्य हुने जिसस उपप्रमुख लुइटेलले प्रतिवद्धता जनाए । छलफल तथा अनुगमनमा जिल्ला समन्वय समिति सदस्य सुवर्ण गोपाली, थाहानगर उपप्रमुख भरत गोपाली, जिल्ला समन्वय समितिका उपेन्द्रनाथ पोखरेल, थाहा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे, सूचना अधिकारी सुरजकुमार भुजेल, जनकल्याण मावि व्यवस्थापन समितका अध्यक्ष राजीवकुमार स्याङ्तान, सहायक प्रधानाध्यापक कृष्ण बहादुर विष्ट, लेखापाल मधुसुदन रायमाझी, पत्रकार शम्भु अधिकारीलगायतकाको उपस्थिती रहेको थियो ।

अनुगमन कार्यक्रम अघि थाहा नगरपालिकामा नगरमा क्रियाशील बालुवा प्रशोधन केन्द्र तथा क्रसर व्यवसायीहरूसंग पालिकामा छलफल भएको थियो ।

कार्यक्रममा प्राकृतिक स्रोत उत्खनन् निकासी लगायतको विषयमा हुने कानुनी प्रक्रियाहरूको विषयमा छलफल भएको थियो । थाहानगरमा प्राकृतिक स्रोतको उत्खनन् तथा निकासीको विषयमा थाहानगर राजश्व परामर्श समितिका सदस्य सचिव सुदर्शन पहेलीले जानकारी गराएका थिए । कार्यक्रममा व्यवसायीहरूले आफ्नो समस्याहरूको विषयमा समेत छलफल गरेका थिए ।

जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख सानुकाजी लुइटेलको विशेष उपस्थितीमा भएको कार्यक्रममा निमित्त जिसस समन्वय अधिकारी सुनिता गजुरेल, थाहा नगरपालिकाका इन्जिनियर सन्तोष बोहरा, प्रशासन शाखा प्रमुख उमेश श्रेष्ठ, पत्रकार शम्भु अधिकारीलगायत व्यवसायीहरूको सहभागिता रहेको थियो ।

## छात्राको संख्या छैन, छात्रावृत्ति बाँडियो

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले तथ्याङ्कमै नभएका विद्यार्थीलाई छात्रवृत्ती बाँडेको तथ्य बाहिर आएको छ । इन्द्रसरोवर गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा पालिकाको आइइएमआइएसमा २ सय ६५ विद्यार्थीलाई छात्रवृत्ती वितरण गर्न योग्य तथ्याङ्क देखिएकोमा पालिकाले विभिन्न तीन विद्यालयलाई ३ सय ६ जना अर्थात ४१ जना बढिलाई छात्रवृत्ति रकम निकासा गरेको प्रतिवेदनमा उल्लेख छ ।

विद्यालयहरूमा छात्रवृत्ति रकम भुक्तानी गर्दा आइइएमआइएसमा उल्लेखित छात्राहरूको अदावधिक संख्या अनुसार भुक्तानी गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन अनुसार बालतिर्थ प्रावि खानीखेतलाई २६ जना छात्रालाई दिनूपर्नेमा ३१ जनालाई, कालिदेवी मावि चखेलका १ सय ५ जनालाई दिनूपर्नेमा १ सय १७ र वत्सलादेवी माविका १ सय ३४ जनालाई दिनूपर्नेमा १ सय ५८ छात्रालाई दिइएको छ । बढि निकासा भएको १६ हजार ४ सय रूपियाँ सम्बन्धीत विद्यालयबाट असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

छात्राहरूलाई जनही ४ सयका दरले छात्रवृत्ती दिनुपर्ने नियम छ ।

## थाहाको बेरूजु ७ करोड नाघ्यो

◆ विकास संवाददाता

थाहानगरको एकै आर्थिक वर्षमा ६ करोड बेरूजु, कुल बेरूजु ७ करोड नाघ्यो मकवानपुर थाहा नगरपालिकाको बेरूजू ७ करोड नाघेको छ । महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०७७/०७८ को लेखारीक्षण प्रतिवेदनमा थाहानगरको बेरूजु ७ करोड १३ लाख ६९ हजार पुगेको हो ।

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ सम्म कुल ८८ लाख ४४ हजार रूपियाँ मात्र बेरूजु रहेकोमा ७ गुणा बढेको हो । थाहाको आर्थिक वर्ष २०७७/०७८ मा मात्र ६ करोड २५ लाख २५ हजार बेरूजु कायम भएको छ ।

लेखा परीक्षण प्रतिवेदन अनुसार अब थाहा नगरपालिकाको कुल बेरूजु ७ करोड १३ लाख ६९ हजार पुगेको हो ।



# • सम्पादकीय •

## पालिकामा करार कर्मचारीको सवाल

नेपालमा सरकारी कार्यालयहरुका लागि कर्मचारी छनोट गर्न सवैधानिक निकायहरु स्थापित छन् । लोक सेवा कार्यालय एउटा मात्र रहेकोमा अहिले प्रदेश प्रदेशमा लोक सेवा आयोग समेत खुली क्रियाशिल भैसकेको अवस्था छ । साथमा संघीय लोकसेवा आयोग पनि छ । यि निकायहरुबाट वार्षिक क्यालेण्डर नै निर्माण गरेर बेला बेलामा सरकारी कर्मचारीको विज्ञापन पनि खुलिरहन्छ । तर ३ तहकै सरकारमा करारमा नियुक्त गरिएका थुप्रै कर्मचारी छन् । केही पदमा राजनीतिक रुपमा नियुक्ति गरिन्छ भने अधिकांश पालिका र सरकारी निकायले लोकसेवालाई कर्मचारी माग्दा थोरै मात्र दरबन्दी रिक्त भएको विवरण पठाउने गरेका छन् । यसरी थोरै कर्मचारी माग्दा आवश्यक कर्मचारीमा आफू अनुकूलका कर्मचारी भर्ती गर्ने अवसर मिल्छ । यसरी यसअघिको स्थानीय सरकारले नियुक्त गरेका करारका कर्मचारी धमाधम हटाइँदै छन् । सरकारी संयन्त्र करार कर्मचारीकै भरमा चलाउनु किमार्थ राम्रो होइन तर सरकार फेरिनेबित्तिकै करार कर्मचारी हटाउनु पनि उचित होइन । यसको पछाडि राजनीतिक स्वार्थ पूरा गर्ने अभिष्ट लुकेको प्रष्ट हुन्छ । अहिले देशभरका स्थानीय तहहरुमा हजारौं करारका कर्मचारीहरु क्रियाशील छन् । कतिपय पालिकाहरुमा साबिकभन्दा फरक दलका प्रमुख आएपछि उनीहरुको करार के हुने भन्ने अझै यकीन भएको छैन । करार कर्मचारी वृत्तमा अहिले यसको ठूलो बहस हुन थालेको छ ।

केही पालिकाको उदाहरण नै हेरौं न जस्तो गण्डकी प्रदेशको मादी गाउँपालिकाले २२ वर्षदेखि काम गरिरहेका सामाजिक परिचालकहरुलाई हटाएको छ । माछापुच्छ्रे गाउँपालिकाले करारका ६३ करारका कर्मचारीमध्ये १६ जनालाई हटाएको छ । यसरी १६ जनामात्र हटाउनुको उचित कारण छैन । आवश्यकताका आधारमा भन्ने हो भने करारका कर्मचारी नहुँदा यो पालिकामा स्वास्थ्य सेवा नै रोकिएको थियो । महालेखाले अत्यावश्यक नभई करारमा कर्मचारी नराख्न बारम्बार निर्देशन दिने गरेको छ । गएको आर्थिक वर्ष २०७७/०७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा पनि यस विषयले स्थान पाएको छ । करारमा राखिएका कर्मचारीलाई भत्ता, सञ्चयकोषका नाममा दिइने सुविधाको ठूलो रकमसमेत अनियमितमा राखेर असुल गर्न महालेखाले निर्देशन गरिरहेको हुन्छ । तर करार नियुक्ति घट्नुको साटो बढिरहेको देखिन्छ । अहिले नयाँ निर्वाचनबाट कार्यभार सम्हालेका धेरै जनप्रतिनिधिले आर्थिक वर्ष २०७९/८० देखि लागू हुनेगरी करारका कर्मचारीको करार नवीकरण गरेका छैनन् । बहाना जेसुकै भए पनि करार कर्मचारी हटाइनुको मुख्य कारण राजनीतिक प्रतिशोध हो । बितेको कार्यकालमा एउटा दलले जितेर कर्मचारी भर्ना गरेकोमा सोही पालिकामा अहिले अर्को दलले जितेको छ । अर्काका कार्यकर्तालाई आफ्नो कार्यकालमा किन जागिर दिने भन्ने सोच जनप्रतिनिधिमा देखिन्छ । यसले कतिपय पालिकामा दलीय मुठभेडसमेत निम्त्याएको छ ।

जनप्रतिनिधि निर्वाचित भैसकेपछि उनीहरुले हेर्ने दल होइन, सेवा प्रवाह हो । स्थानीय तह नागरिकसँग प्रत्यक्ष जोडिएको सरकार पनि हो । उसले रोजगार बढाउनुपर्नेमा खोस्ने काम गर्नुहुन्न । योग्यता र क्षमतालाई पर सारेर आस्थाको आधारमा पालिका भर्दा पालिकालाई दीर्घकालीन रूपमा क्षति पुग्छ । स्थायी सरकार, विकास र समृद्धिको अपेक्षा गरिरहेको देशलाई कर्मचारी संयन्त्र हुने यस खालको चलखेलले पटक्कै फाइदा गर्दैन । यसले एकातिर विकासमा बाधा हुन्छ भने अर्कोतिर गुणस्तरीय सेवा प्रवाहमा क्षति पुग्छ । अन्ततः जनप्रतिनिधिको कार्य सम्पादन समेत कमजोर सावित हुन्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# नेपाल र नेपालीको स्वास्थ्य अवस्था



डा.सञ्जय कोइराला

झट्ट सुन्दा जो कोहीलाई शीर्षक अलि नमिल्दो लाग्न सक्छ । एकदमै फरक बिषयलाई एकै साथ हेर्न खोज्नेलाई मूर्ख सोच्नेहरू पनि धेरै नै निस्कनेछन् । देश बनाउने राजनीतिले हो र स्वास्थ्य उपचार गर्ने काम डाक्टरको हो, यी दुई त बिल्कुलै फरक हुन् भन्ने तर्क आउनु स्वाभाविक पनि हो । तर अलि फराकिलो दायराबाट सोच्ने हो भने यो ब्रम्हाण्डमा हरेक कुराको अन्तरसम्बन्ध भेट्न सकिन्छ भने यो ता कुन ठुलो कुरा हो र ? मात्र हेर्ने आँखा र सोच्ने मगजको तजबिजको कुरा हो । यी दुईबीच गहिरो अन्तर सम्बन्ध भेट्टाउन कसैले टाउको फोर्नु पर्दैन ।

एकै छिन आँखा चिम्लेर सोच्दामात्रै पनि थोरै बहुत सम्बन्ध भेट्न सकिन्छ । नेपाल भन्नाले राज्य र नेपाली भनेको नेपाल राज्यका जनता र राज्य आफ्नो जनताको स्वास्थ्यमा र जनताको स्वास्थ्य राज्यको नीतिमा निर्भर हुने कुरा गहिरि एर नबुझे पनि सोच्नलाई कुनै आइतबार कुर्नु पर्दैन । पहिले नेपालकै बारेमा कुरा गरौँ । आधुनिक नेपाल स्थापना भएको अढाई सय वर्षभन्दा बढी भइसक्यो । पृथ्वीनारायण शाहले सन् १७६८ देखि सुरू गरेको एकीकरण अभियानबाट सन् १८१६ को सुगौली सन्धिसम्म आइपुग्दा नेपालले हालको स्वरूप पाएको कुरामा कुनै दुई मत छैन ।

नेपाल राज्यको एकीकरणपश्चात हालसम्म पनि नेपालमा शक्ति आर्जन र सञ्चयका लागि अनेकन पर्व, आन्दोलन, विद्रोह र काण्डहरू भइरहेको सर्वविदितै छ । एकात्मत राज्यबाट संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा पनि सत्ताको सांगीतिक कुर्सीको खेल चलिरहेकै छ । जसमा अहिले खेलाडी कम्जोर तर संगीत बजाउने बाह्य शक्ति झन् झन् शक्तिशाली हुँदै गएको देखिन्छ ।

देश अहिले बिरामी छ, उपचारको खाँचो छ, देशको उपचार गर्ने चिकित्सकको सबैले आश गरेका छन्, तर आफूले आफ्नो ठाउँबाट गर्न सकिने स-साना कुरा पनि नजरअन्दाज गर्दै क्षणिक व्यक्तिगत स्वार्थमा हामी यति रूमल्लिएका छौँ कि हामीले देशलाई रोगी बनाउने तिनै किटाणुले नै कुनै न कुनै दिन त उपचार गर्लान् नि भनेर छोडिदिएका छौं । पेशाले चिकित्सक नै भएको र यही बिषयमा लगभग दुई दशक जति नेपालकै मेडिकल कलेज लगायत विभिन्न सरकारी तह र निजी क्षेत्रमा रहेर काम गर्दाको बिषय र क्षेत्रगत अनुभवका आधारमा नेपालीको स्वास्थ्यको बिषयमा नै अलि धेरै कलम चलाउँदा राम्रो हुने ठानेको छु ।

सुरूवातमै भन्नुपर्छ, जसरी राज्य सञ्चालन प्रणालीमा हामीले पश्चिमाहरूको देखाशिखीमा गरेका छौँ (प्रजातन्त्रको जननी बेलायतबाटै संसदीय प्रणालीको मोडेल) त्यसरी नै स्वास्थ्यको बिषयमा पनि जे जति हामीले पाएका, गरेका छौँ सबै आयातीत नै हो । भलै केही औषधी र उपकरणस्वदेशमै उत्पादन गर्न सक्षम भएका छौँ । हरेक जसो रोगको अध्ययन त हामीले आयात नै गरेका छौँ । मानिसको शरीर त सबैको एकै किसिमकै त हो नि, उनीहरूले गरेको अध्ययन, अनुसन्धानले नै हालसम्म हरेक जसो रोगको सफल उपचार त भइरहेकै छ नि, के नराम्रो भयो र ?

हो धेरै कुरा हामीले विश्वका कुना कुनामा भएका अध्ययन, अनुसन्धानलाई सन्दर्भमा लिएर अघि बढ्नु पर्छ तर हाम्रो भूगोल, वातावरण र नेपाली मानसिकता सुहाउँदो अध्ययन र अनुसन्धान गर्न हामीले सकेका छैनौँ । स्वास्थ्य अनुसन्धानको बिषयमा हाम बामे पनि सारेका छौँ जस्तो मलाई लाग्दैन । सरकारी स्वास्थ्य संरचना, जनशक्ति, र स्वास्थ्यप्रति राजनैतिक दल, सरकार र राज्यको धारणा कहिल्यै फराकिलो हुन सकेन । स्वास्थ्य जस्तो संवेदनशील र आधारभूत बिषयमा गरिने बजेट निर्धारणले नै समग्र स्वास्थ्य क्षेत्रको झल्को दिन्छ ।

स्वास्थ्यको क्षेत्रमा नेपालमै अहिले अति विशिस्टिकृत बिषयहरूको पनि अध्ययन सुरू भइसकेको छ । थोरै मात्रामै भए पनि यस्ता बिशेषज्ञहरू उत्पादन हुन थालेका छन् । स्नातक तह (एमबिबिएस) तहका जनशक्ति त अहिले वार्षिक हजारौंको संख्यामा उत्पादन हुने गर्छन् ।स्नातकोत्तर तहको उत्पादन एकदमै न्यून छ । जसले गर्दा स्नातक तह पास गरेका चिकित्सक (मेडिकल अधिकृत तह) हरूको हालत त देशमा ज्यादै दयनीय छ । कुनै बेला इज्जत र दाम दुवै भएको पेशा अहिले दुवैबाट धेरै टाढा भइसकेको छ । त्यसमा अझै थपिएको छ मानसिक, आर्थिक, सामाजिक तनाव स्वार्थ समूहको कारण जो जुनसुकै बेला पनि हामीहरूको इज्जत र पैसा लुट्न दाउ हेरेर बसिरहेका छन् ।

विकृति यो देशमा कुनचाहिँ क्षेत्रमा छैन होला ? चिकित्सा क्षेत्रमा पनि नहुने कुरै भएन । जहाँ अर्थको ठूलो सहभागिता जो छ, विकृतिको जड खोतल्ने हो भने सर्वप्रथम यसमा राज्यले नै जिम्मेवारी लिनु पर्छ । सामाजिक सम्झौतावादी चिन्तकहरू हब्स, लक र रूसोका अनुसार पनि राज्यको उत्पत्ति हरेक नागरिकको स्वतन्त्रता, बाँच्न पाउने अधिकार र सम्पत्तिको सुरक्षाको निम्ति भएको हो । राज्यको उत्पत्ति हुनुभन्दा पहिले मानिस स्वतन्त्र त थिए तर उनीहरूबीच बिस्तारै सम्पत्तिको बिषयमा द्वन्दको स्थिति हुन गएर आफ्नो आफ्नो जीवन रक्षाको लागि एउटा सम्झौता गरेर राज्य बनेको मानिन्छ । यो विषयमा यी चिन्तकको भनाइ युक्ति संगत नै लाग्छ ।

राज्यको प्रमुख दायित्व हरेक नागरिकको जन र धनको सुरक्षा हो । जीवनको सुरक्षा भनेको उसको स्वास्थ्यको पनि सुरक्षा हो । यसरी हेर्दा शिक्षा, रोजगारी, आवास, विलासभन्दा बढी महत्व स्वास्थ्यको हुनुपर्ने हो । हालैको कोरोनाको कहरले पनि अलिकति आभाश त दिएकै हो तर पनि हाम्रो देशको स्वास्थ्य प्रणाली दशकौंदेखि बनेका भौतिक र कर्मचारी संरचनामै घिस्रिइहेको छ । थोरै स्तरोन्नति नभएका हैनन्, जति भएका छन् कसै न कसैको स्वार्थगत आवश्यकतामा नै भएका छन् ।

विश्वभर नै चिकित्सा विज्ञान सबैभन्दा संवेदनशील र कठिन बिषय मानिन्छ । यसको अध्ययनमा लाग्ने मेहनत, समय र खर्च सम्भवत अन्य जुनसुकै बिषयभन्दा बढी छ । उच्च माध्यमिक तहपछि स्नातक तहमा ५ वर्षको अध्ययनपछि लगातारमा पनि अर्को ३ वर्ष स्नातकोत्तर र सोपछि पनि बिशिष्टिकृत तहका लागि अरू केही वर्ष मेहनत र लाखौं धन रखि (छात्रवृतिवालाको बाहेक) खर्च गरी जीवनको आधाभन्दा बढी समय अध्ययनमा व्यतीत गरेपश्चात बल्ल एउटा बिषयगत चिकित्सक उत्पादन हुन्छ ।

अन्य विषयका सहपाठी जीवनको तेस्रो दशकमा आ-आफ्नो परिवार र आफूलाई स्थापित गरेर बसिसक्दा पनि हामी कुनै एक अस्पतालको क्षेत्रभित्र मात्रै सिमित रही अध्ययनमै आफ्नो अर्को दुई दशक पछिको भविष्य सम्झेर मेहनत गर्न बाध्य हुन्छौं ।

यसरी उत्पादन हुने जनशक्तिको उत्पादन र व्यवस्थापनमा राज्य कतिसम्म असंवेदनशील छ भने कति जनशक्ति चाहिने हो, कस्तो जनशक्तिलाई यो बिषयमा लगाउने हो, राज्यले नै पढाएका जनशक्तिको दीर्घकालीन व्यवस्थापन कसरी गर्ने हो भन्ने कुनै नीति स्पस्ट छैन । जहाँ समस्या आउँछ, टालटुल गर्ने काममात्रै हुन्छ ।

सरोकारवालालाई नै राखेर स्पष्ट नीति, नियम अहिलेसम्म बनेको छैन । नीति, नियमहरू डा. गोविन्द केसीले भनेझैँ माफियातन्त्रमै सिमित छ । विदेश पठाउने गरी जनशक्ति उत्पादन गर्ने ढोल पिट्नेहरू पनि यहाँ चर्चित छन् । स्वास्थ्य जस्तो बिषयमा जब राज्यका ठेकेदारहरू पैसा कमाउने धन्दामा लाग्ने गर्छन्, तब यहाँको शैक्षिक गुणस्तर कस्तो होला अनुमान गर्न सकिन्छ । विद्यार्थीले कस्तो शिक्षा र कस्तो अनुभाव पाउनु पर्छ भन्ने कुरा कागजमा मात्र पाइन्छ, व्यवहारमा सिमित कलेज बाहेकले न्यूनतम मापदण्ड पनि पूरा नगरेको अवस्था छ ।

तर पनि बर्सेनि देश, विदेशबाट चिकित्सक उत्पादन भई नै रहेका छन् । खर्चको अनुपातमा पाइने तलब खर्च गरेको रकमको ब्याजभन्दा पनि कम भए पनि जीवनको उत्तरार्धसम्म राम्रै होला भन्ने सोच राखेर अध्ययन गर्नेहरूको कमी कहिल्यै भएको छैन । यसरी निस्कने जनशक्ति र चिकित्सालाई सेवामुखी नभई आयआर्जनका हेतु गरिने अभ्यासले जसरी राजनीतिलाई पेशा बनाएका कारण राजनैतिक दल र नेताहरू बद्नाम भएका छन्, हाम्रो पनि अवस्था उस्तै नै हो । आफ्नै क्षमता, मेहनत र पवित्र उद्देश्य लिएर पेशामा संलग्न चिकित्सक

*बाँकी पेज ३ मा*

# ६० कटेसी रमाउँला...

६० वर्ष पार गरेपछि मान्छेको मनोदशा कस्तो हुन्छ ? यो प्रश्न किन पनि जरूरी छ भने जीवनको उत्तरार्द्ध त्यति रसिलो र भरिलो हुँदैन, जति पूर्वार्द्धमा हुनेगर्छ । यतिबेला शरीर कमजोर भइसकेको हुनसक्छ । दीर्घरोगले गाँजेको हुनसक्छ । कामबाट अवकाश पाइसकेको हुनसक्छ । शाखा–सन्तान छुटिसकेको हुनसक्छ । जीवन एक्लिंदै गएको हुनसक्छ ।

यतिबेला शरीरमा जोश र उर्जा हराउँदै गएको होला, मनमा आकांक्षा र रहर खुम्चिंदै गएको होला, जीवनका र हर र रंगहरू उजाडिंदै गएको होला । यस्तो स्थितिमा मान्छे कस्तो हुन्छ ?

'बुढ्यौलीतिर ढल्किंदै गएपछि समाज, परिवारले अलि बेवास्ता गर्ने प्रवृत्ति छ,' मनोविद् डा. नरेन्द्र सिंह ठगुन्ना भन्छन्, 'त्यसैले उनीहरू एक्लो महसुस गर्न थाल्छन् ।' अक्सर बुढापाकाहरू रिसाउने, झर्किने, साना बालबालिका जस्तो व्यवहार गर्ने कारण पनि यही हो ।

६० वर्षको उमेर, जो समयले धेरै कुरा पकाइसकेको हुन्छ । दुःख–सुख, खुसी–पीडा, संयोग–वियोग सबै कुरा झेलिसकेका हुन्छन् । वास्तवमै यो एक परिपक्व उमेर हो । यद्यपि बुढ्यौली उमेरमा मान्छेले काम गर्न सक्दैन भन्ने बुझाइ छ । उनीहरूलाई 'अनुत्पादक' मानिन्छ ।

'समाज र परिवारले वृद्धवृद्धाले काम गर्न सक्दैनन् भनेर उनीहरूले गर्न लागेको काम पनि बुबा तपाईं नगर्नुस्, आमा तपाईं नगर्नुस्, बसिराख्नुस् भनेर उनीहरूलाई आइसोलेटेड गरिदिन्छन्,' डा. ठगुन्ना भन्छन् ।

## ६० कटेपछि शिथिल !

६० वर्षको उमेरअघि मानिसहरू एकदमै सक्रिय हुन्छन् । तर ६० वर्ष उमेर कटिसकेपछि भने सक्रिय हुन छाड्नुपर्छ भन्ने मानसिकता नेपाली समाजमा व्याप्त छ । यस्तो मानसिकताले गर्दा नै नेपालमा धेरै वृद्धवृद्धा ६० वर्षपछि जोसिलो र उत्सुक हुँदैनन् ।

हामी सक्षम छौं हामी अरूको आशमा बस्नु हुँदैन भन्ने सोच ६० वर्षसम्मका मानिसको हुन्छ । तर ६० कटिसकेपछि भने जोस जाँगर हराउँछ, आफूले केही गर्न सकिंदैन अरूको आशमा बस्नुपर्छ भन्ने सोच धेरै ज्येष्ठ नागरिकमा पाइने मनोविद् गृष्मा पनेरू बताउँछिन् ।

वृद्धवृद्धामा जोस जाँगर र उमंग नहुनुको सबैभन्दा अर्को मुख्य कारण भनेको युवाहरू विदेशिनु पनि हो । हरेकजसो घरबाट एउटा न एउटा युवा विदेशिएका हुन्छन् । घरमा बुवाआमा वा हजुरबा–हजुरआमा मात्र छन् । यसरी घरमा वृद्धवृद्धा मात्र निष्क्रिय भएर बस्दा शारीरिक तथा मानसिक रूपमा पनि केही न केही असर त पक्कै पर्ने पनेरू बताउँछिन् ।

'ज्येष्ठ नागरिकहरूले ६० वर्षपछि हामी निष्क्रिय हुन्छौं, केही काम गर्न सक्दैनौं भन्ने मानसिकता छ,' उनी भन्छिन्, 'यस्तो सोचाइ राख्नुभन्दा म स्वस्थ छु, उत्साह र उमंगले भरिएको छु भन्ने सोच राख्नुपर्छ ।'

हाम्रो समाजले पनि यस्तो मानसिकतालाई प्रोत्साहन गरिरहेको हुन्छ । वृद्धवृद्धा भएपछि घरमा निष्क्रिय बस्नुपर्छ भन्ने वातावरण सिर्जना गरि दिएको हुन्छ । तर काम गरिरहेको मान्छेले एक्कासि काम गर्न छाडेर निष्क्रिय बस्दा उसमा झनै नकारात्मक असर पर्ने उनी बताउँछिन् ।

उनका अनुसार कुनै पनि व्यक्ति स्वस्थ हुन शारीरिक र मानसिक दुवै रूपमा स्वस्थ हुनु जरूरी हुन्छ । 'खुला मानसिकता भएको व्यक्ति छन् भने उनीहरू ६० कटिसकेपछि पनि कुनै पनि काम गर्न, नयाँ काम सिक्न पछि हट्दैनन्,' पनेरू भन्छिन्, 'तर कमजोर मानसिकता भएको व्यक्ति छन् भने चाहिं ६० काटेपछि अब मेरो समय गयो, म केही गर्न सक्दिन भन्छन् ।'

एक अध्ययन अनुसार मानिसको उमेर र उसको सोंचबीच खास तालमेल रहन्छ । कुनै व्यक्तिले आफूलाई पाको वा बुढो सोच्छ भने त्यसको प्रभाव उनको काम गर्ने शैली, गतिशीलता र ऊर्जामा पर्छ । जस्तो कि एउटा पाको उमेरका व्यक्तिले आफूलाई जवान सोच्छ भने उनमा



*थाहा नगरपालिका वडा नम्बर १२ जगडाँडाका एक जोडी ज्येष्ठ नागरिक ।*

ऊर्जा र उत्साह हुन्छ । यसैगरी कुनै युवाले आफूलाई बुढो सोच्छ भने उनको कार्यक्षमता पनि कमजोर देखिन्छ ।

मनोविज्ञ भन्छन्, 'कुनै पनि व्यक्ति कस्तो मानसिकताको छ त्यसले पनि उसको सक्रिय हुने उमेरलाई फरक पार्छ ।'

समय अनुसारका चलन गलत हुन् भन्ने मानसिकता भएका व्यक्ति छन् भने उनीहरूलाई उमेर ढल्किंदै जाँदा समयसँग चल्न गाह्रो हुन्छ । तर समय अनुसारको चलन र परम्परालाई आत्मसात् गर्दै चल्ने व्यक्ति भने उमेर ढल्किंदै जाँदा पनि समयसँगै आफूलाई ढालेर अघि बढ्छ ।

वृद्धवृद्धा कस्तो वातावरणमा बसेका छन्, त्यसले पनि उनीहरूलाई निष्क्रिय बनाउँछ । यदि राम्रो वातावरणमा बसेका छन् भने त्यसले पनि उनीहरूको मुड परिवर्तन गरेर खुसी बनाउने पनेरूको तर्क छ ।

## ज्येष्ठ नागरिकको सीप र ज्ञानको सदुपयोग

उमेर हद अनुसार ५८ वर्षपछि कुनै पनि कामबाट अवकाश दिइन्छ । अवकाशपछि पनि धेरै मान्छेको गति धीमा हुन थाल्छ । यो उमेरमा अधिकांश सक्रिय हुन चाहँदैनन् । यसमा उनीहरूको मनोविज्ञान र कामको अवसर दुवै कारण बन्ने गरेको छ ।

अक्सर ६० वर्षपछि नयाँ रोजगारी दिने वा खोज्ने प्रवृत्ति हुँदैन । यस उमेर पछि उनीहरूले नयाँ उद्यम वा व्यवसाय सुरू गर्ने मनस्थिति पनि हत्तपत्त बनाउँदैनन् । यस्तो अवस्थामा आफूसँग भएको क्षमतालाई पनि दबाएर बस्नुपर्ने अवस्था सिर्जना हुने समाजशास्त्री डा. टिकाराम गौतम बताउँछन् ।

राज्य र समाज दुई मिलेर वृद्धावृद्धाको सिप र ज्ञानलाई उपयोग गर्नको लागि के कस्तो कार्य गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिनु जरूरी छ । त्यस्तो भएको खण्डमा उनीहरू पनि सक्रिय हुने तथा समाज र राज्यले पनि त्यसबाट लाभ लिन सक्ने गौतमको तर्क छ ।

अन्य देशमा कामको लागि उमेर हद तोकिंदैन । जति उमेरसम्म उसले काम गर्न सक्छ त्यति उमेरसम्म उनीहरूलाई काम गर्न दिइन्छ । तर हाम्रो देशमा भने रिटायरमेन्टको बाध्यात्मक व्यवस्था छ । क्रियाशीलता भन्दा पनि उमेरको हद छ त्यसैले कुनै व्यक्ति ६० कटिसकेपछि सक्रिय हुँदाहुँदै पनि काम छाड्नुपर्छ । गौतम भन्छन्, 'यसले ज्येष्ठ नागरिकलाई वैज्ञानिक रूपमा पनि असर गर्छ ।'

६० वर्षको उमेर भन्दाअघि बाहिरको उसको सम्बन्ध, काम गर्ने ठाउँ र परिवारको संरचना फरक हुन्छ । तर एक्कासी त्यो सब परिवेश छाड्दा उसमा केही न केही परिवर्तन त आउँछ नै ।

## ६० कटेसी रमाउने

६० कटेपछि वृद्धवृद्धाको मनोदशा परिवर्तन नहोस् भन्नका लागि उनीहरूले गर्न सक्ने काम गर्न दिनुपर्ने ठगुन्ना बताउँछन् । 'चीनमा ज्येष्ठ नागरिकलाई सक्रिय राख्ने एउटा चलन छ । त्यहाँ घरको सामान किन्नका लागि ज्येष्ठ नागरिकहरूलाई पसल पठाउने गरिन्छ । यसको मतलब वृद्ध भए पनि उनीहरूले केही काम त राम्ररी गर्न सक्छन् र उनीहरूमा आत्मसम्मान पनि रहिरहन्छ,' उनी भन्छन् । ६० वर्ष कटेका वृद्धवृद्धालाई सक्रिय र खुसी बनाउन उनीहरूको जीवनशैलीलाई पनि विशेष ध्यान दिनुपर्छ । उनीहरूको खानपान, सुताइको पोजिसन लगायतमा ध्यान दिएर बेलाबेलामा स्वास्थ्य परीक्षण गराउने हो भने उनीहरुमा जोस, उत्सुकता र उमंग भरिन्छ ।

ठगुन्ना भन्छन्, 'परिवारका सदस्यहरूले पनि ज्येष्ठ नागरिकलाई अलि बढी समय दिनुपर्ने हुन्छ । ठूला व्यक्तिहरू काममा व्यस्त छन् भने ज्येष्ठ नागरिकलाई साना बालबालिकासँग भए पनि समय बिताउन लगाउने, उनीहरूको अनुभव सुनाउन लगाउने गर्नुपर्छ ।'

बढ्दो सहरीकरण, खानपान र आधुनिक जीवनशैलीका पनि मानिसलाई उमेर भन्दाअघि बढी उमेरको देखिन्छ । ६० कटेपछि शरीरमा धेरै स्फूर्ति नहोला, तर सक्ने काम गर्ने, हिंडडुल गर्ने, सकेको काम गर्ने हो भने उमेर ढल्कँदै गए पनि मान्छे धेरै बुढो र कमजोर नदेखिने पनेरू बताउँछिन् ।

*– सुमित्रा लुइटेलको लेख साभार*

## नेपाल र नेपालीको ...

पनि अहिले अरूका कारण बद्नाम हुनु परेको छ ।

स्वास्थ्य र शिक्षा राज्यको मातहतमा र राज्यको दायित्व हुनुपर्ने मेरो बुझाइ छ । विचारका हिसाबले कम्युनिज्म समर्थक जस्तो लागौंला तर मलाई कुनै वादमा विश्वास छैन । होस् पनि कसरी, जब राज्यमा कम्युनिस्टकै बहुमतमा सरकार हुँदा पनि यिनै २ क्षेत्र नै व्यवसायीकरणको चरम सीमामा पुगेको देखियो । कुनै पनि वाद आफैंमा राम्रो, नराम्रो भन्ने छैनन् । लागू गर्ने जनताको मानसिकतामा निर्भर रहन्छ । अहिलेको विश्व परिवेशमा समाजवाद धेरैले मानेको वाद हो । कुनै न कुनै प्रकारले यसैको अभ्यास अहिले सबै जसो मुलुकले गरिरहेका छन् । कुन हदसम्म भन्नेमात्र फरक कुरा हो । अमेरिका जस्तो पुँजीवादको जनकले पनि केही हदसम्म समाजवादी सिद्धान्त अंगालेको छ । त्यहाँ पनि शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले नै लिएको छ । वादको वादविवादबाट माथि उठेर मानवीय संवेदना र इमान्दारिताको राजनीति गर्ने हो भने देशको मात्र होइन, अन्तर्राष्ट्रिय राजनीति पनि सफा हुन सक्छ । खाँचो मात्र निस्वार्थ इमान्दार अगुवाको छ ।

*– इमेल प्राप्त लेख*






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# चित्लाङ–थानकोट सडक निर्माण सम्पन्न गर्ने थाहानगर र चन्द्रागिरी जुट्यो

◆ विकास संवाददाता

मकवानपुर थाहानगरबाट काठमाण्डौं जोड्ने छोटो मार्ग चित्लाङ–थानकोट सडक (गणेशमान मार्ग) को स्तरोन्नति तथा कालोपत्रेसहितको निर्माण कार्य गर्ने प्रतिवद्धता भएको छ । सडकमा निरन्तर नम्बर ९ का वडाध्यक्ष राजकुमार बलामी र चन्द्रागिरी नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष कृष्ण प्रसाद खड्गीलाई सडकको निर्माण कार्य हेर्न तोकिएको छ । तोकिएका दुवैजनाले समिति बनाएरै कार्य गर्नसक्ने गरी जिम्मेवारी दिइएको छ ।

हुन नसक्ने ठहर गर्दै पुरानो डिपिआर बाट नयाँ बजेट र योजना बनाउन नसकिने बताइएको छ । यसका लागि डिपिआरलाई पुनरावलोकन गरेर नयाँ योजनाकासाथ सम्बन्धित निकाय र मन्त्रालयमा बजेट सुनिश्चितताको लागि पहल गर्ने विषयमा दुवै पालिकाबीच



सवारी संचालनका लागि कालोपत्रेसम्मको कार्य गर्ने थाहा नगरपालिका र चन्द्रागिरी नगरपालिकाबीच साझा सहमती भएको हो ।

सडकको दीगो विकासका लागि दुई पालिकाबचित साझा एजेण्डा तय भएको हो । १३ साउनमा चन्द्रागिरी नगरपालिका काठमाण्डौको कार्यालयमा भएको छलफल भएको हो । सडकलाई थप व्यवस्थित गर्नका लागि थाहा नगरपालिका वडा

छलफलमा सडकको नयाँ डिपिआरको लागि भौतिक योजना मन्त्रालय तथा सडक विभागलाई अनुरोध गर्ने र बजेट मागको लागि प्रधानमन्त्री कार्यालयमा जाने निर्णय गरिएको थाहानगरबाट छलफलमा सहभागी ईन्द्र श्रेष्ठले जानकारी दिए ।

यसपालिको बजेट जम्मा तीन करोड रूपैयाँ मात्र भएकोले त्यतीमात्र बजेटले खासै काम र सडकको प्रगति सहमती भएको छ ।

चन्द्रागिरीमा भएको छलफलमा थाहा नगरपालिकाका प्रमुख विष्णु बिष्ट, चन्द्रागिरीका नगर प्रमुख घनश्याम गिरी, राष्ट्रिय सभाका निवर्तमान सदस्य रामनारायण बिडारी, विष्णुहरी ढकाल जंगली, थाहा ९ का अध्यक्ष राजकुमार बलामी, माओवादी केन्द्र बागमती प्रदेश सदस्य इन्द्र बहादुर श्रेष्ठको सहभागीता रहेको थियो ।

# थाहाका नगर प्रमुख र उपप्रमुख नगरपालिका संघको बागमती प्रदेश सदस्य





◆ विकास संवाददाता

थाहाका नगर प्रमुख र उपप्रमुख नगरपालिका संघको बागमती प्रदेश सदस्य नेपाल नगरपालिका संघ बागमती प्रदेशको सदस्यमा थाहा नगरपालिकाका मकवानपुरका नगर प्रमुख तथा उपप्रमुख दुवैजना चयन भएका छन् ।

काठमाण्डौंमा भएको नगरपालिका संघको अभिमुखिकरण तथा बागमति प्रदेश समिति गठन कार्यक्रम मार्फत थाहाका नगर प्रमुख विष्णु विष्ट 'आदर्श' र उपप्रमुख भरत गोपाली सदस्यमा चयन भएका हुन् ।

बागमती प्रदेशका नगर पालिकाहरूका प्रमुख र उपप्रमुखहरूको भेलाबाट विष्ट र गोपाली सदस्यमा चयन भएका हुन् । बागमती प्रदेशको संयोजकमा कागेश्वरी मनोहरा नगरपालिकाको नगर प्रमुख उपेन्द्र कार्की र सहसंयोजकमा कालिका नगरपालिकाको नगर प्रमुख विनोद रेग्मी चयन भएका छन् ।

यस्तै अरू सदस्यहरूमा बिदुर नगरपालिकाका उपप्रमुख प्रभा बोगटी सहित नागार्जुन नगरपालिकाका उपप्रमुख सुशिला अधिकारी, कमलामाई नगर पालिकाका उपप्रमुख मञ्जु देवकोटा, बनेपा नगरपालिकाका उपप्रमुख बिमला सापकोटा, धुनिबेशी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्य, कमलामाई नगर पालिकाका, प्रमुख उपेन्द्र पोखरेल, चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, बाह्रबिशे नगरपालिकाका उपप्रमुख मञ्जु तामाङ, दक्षिणकाली नगर पालिकाका उपप्रमुख बसन्ती तामाङ डंगोल र गोदावरी नगरपालिकाका उपप्रमुख मुना अधिकारी चयन भएको संघले जनाएको छ ।

# थाहानगरमा नयाँ प्रमुख प्रशासकीय अधिकृत

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा होमनाथ काफ्ले आउने भएका छन् । काफ्ले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट थाहामा सरूवा भएका हुन् । थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीको सरूवा भएपछि काफ्ले थाहानगरको छैठौं प्रमुख प्रशासकीय अधिकृतको रूपमा आउने भएका हुन् ।



वि.सं. २०७१ सालमा नगरपालिका घोषणा भएको थाहामा हालसम्म पुरूषोत्तम सापकोटा, रामेश्वर अर्याल, हरिलाल पुरी, भिम परियार र जीवन आचार्य प्रमुख प्रशासकीय अधिकृत भैसकेका छन् । पुरी थाहाको दुई पटक प्रमुख प्रशासकीय अधिकृत भए । उनी पहिलो पटक वि.सं. २०७१ मंसिर ८ देखि २०७२ चैत्र १५ गतेसम्म र दोस्रो पटक वि.सं. २०७४ असोज १० देखि २०७९ साउन ११ सम्म गरी ६ वर्ष बढि प्रमुख प्रशासकीय अधिकृत भएका हुन् ।

त्यस्तै पुरूषोत्तम सापकोटा विसं. २०७१ जेठ ९ गतेबाट ३ महिना, परियार वि.सं. २०७३ जेठ ३ गतेबाट १० महिना र जीवन आचार्य वि.सं. २०७३ चैत्र ८ गते देखि ६ महिनासम्म प्रमुख प्रशासकीय अधिकृत भएका थिए ।

# कोदो दिवस मनाइयो

◆ विकास संवाददाता

भीमफेदी गाउँपालिकामा 'कोदोको योगदान, खाद्य तथा पोषण सुरक्षामा बरदान' भन्ने नाराका साथ दोश्रो कोदो दिवस मनाइएको छ ।

राष्ट्रिय कृषक समूह महासंघको आयोजना तथा अनाज नेपाल र छवेली कृषक समूहको सहकार्यमा भीमफेदी–५ छबेलीमा कोदो दिवस मनाइएको हो । भीमफेदीको छबेलीमा स्थानीयले हरेक वर्ष व्यवसायिक रूपमा कोदो उत्पादन गर्दै आएका छन् ।

मकवानपुरका अधिकांश पहाडी क्षेत्रमा विगतका वर्षमा कोदो उत्पादन हुने गरेको थियो भने हाल कोदो उत्पादन घटेको छ । पहाडी क्षेत्रका स्थानीय कृषकहरूले जग्गा बाँझै राख्ने समस्याका कारण कोदो उत्पादनमा गिरावट आउने गरेको कृषि प्राविधिकहरू बताउँछन् ।

# खरिद पनि उपभोक्ता समितिबाट पो !

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकामा उपभोक्ता समितिबाट सामान खरिद गरेको पाइएको छ ।

गाउँपालिकाले सामान खरिद गर्दा उपभोक्ता समिति मार्फत सामान खरिद गर्न नमिल्ने कानूनी व्यवस्था रहेको छ । तर, गाउँपालिकाले ७ लाख रूपैयाँ बराबरको बिभीन्न सामान खरिदको काम भने मर्याङ कालिका स्वास्थ्य युवा संस्थासंग संझौता गरेर शारिरिक सुगठन सामाग्री खरिद गरेको महालेखा परिक्षकको कार्यालयले जनाएको छ ।

यसैगरी गाउँपालिकाले मर्ज भएको विद्यालयलाई १२ लाख ६८ हजार रकम निकासा गरेको महालेखा परिक्षकको कार्यालयले आर्थिक वर्ष २०७७(०७८ को लेखा परिक्षण गरेर हालसालै सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।

राक्सिराङको गिंगु आधारभूत विद्यालयलाई कालिका माध्यमिक बिद्यालयमा मर्ज गरिएको तर, शिक्षकको तलब भने त्यही मर्ज भएको बिद्यालयमा निकासा गरिएको महालेखा परिक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।



अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# ग्रन्थमा मकवानपुरको संक्षिप्त काव्य जगत

सुस्मिता बजगाईं

साहित्यकार बिर्खे अन्जान (लक्ष्मण बर्तौला) ले 'मकवानपुरका काव्य : अवलोकन र अध्ययन' नामक अनुसन्धानात्मक ग्रन्थ बजारमा ल्याएका छन्। काव्य विधामा केन्द्रित भएर लेखिएको जिल्लाकै पहिलो खोजमूलक ग्रन्थका रूपमा साहित्यकार अन्जानले पुस्तक प्रकाशनमा ल्याएका हुन् । नेपाली कविता विधामा मकवानपुरको लेखकीय प्रवृत्ति, विशेषता र पहिल्याउनुका साथै स्रष्टाहरूको योगदानको चर्चासहितको इतिहास तयार गर्नु नै यस कृतिको मूल उद्देश्य रहेको लेखक अन्जानले बताए । मकवानपुर जिल्लाको ऐतिहासिक परिचयसहित लेखक अन्जानले मकवानपुरका कविता, गजल र मुक्तक विद्यामा कलम चलाउने ७७ जना प्रतिनिधि कविको परिचयसमेत उल्लेख गरेका छन्। कवि बिर्खे अञ्जान नेपाली भाषा-साहित्यको क्षेत्रमा सक्रिय व्यक्ति हुन । मकवानपुर को उत्तरी क्षेत्रमा बसेर संस्थागत साहित्यको विकासमा उनको सक्रियता प्रेरणादायी छ ।




पुस्तक मकवानपुरको काव्यको अवस्था र वर्तमान समयको समकालीन चर्चित स्रष्टाको बारेमा पनि जानकारीका लागि उपयोगी बन्नेछ । पुस्तकमा मकवानपुरबाट प्रकाशित साहित्यिक पत्रिका र अखबारहरूको नाम, जिल्लाका विभिन्न साहित्य संघसंस्थाहरूको नाम र चर्चित पर्यटकीय क्षेत्रहरूको पनि वर्णन गरिएको छ । वागमती प्रदेशको राजधानी मकवानपुर जिल्ला भौगोलिक विविधता, धार्मिक सहिष्णुता, सांस्कृतिक सम्पदा र पर्यटकीय स्थलको रूपमा चर्चित छ । अग्ला अग्ला डाँडापाखा र पहाडदेखि समथर तराईसम्मको भूबनोटले घेरिएको तथ्यलाई पनि पुस्तकमा समेटिएको छ। सौन्दर्यले भरिएको जिल्लाको ऐतिहासिक मकवानपुरगढी, सहिद स्मारक, कुलेखानी जलविद्युत, ऋषेश्वर महादेव, इन्द्रसरोवर ताल, लालीगुराँस र सुनगाभाको प्राकृतिक सुन्दरताले सजिएको दामन भ्युटावर, पालुङको ठूलो चेप्टो ढुंगालगायतका मकवानपुर जिल्लाको समग्र चर्चित ठाउँहरूको वर्णन पनि पुस्तकमा गरिएको छ। जिल्लाको नामकरण र जिल्लासँग जोडिएका केही महाभारतमा उल्लेख भएका ऐतिहासिक सन्दर्भसमेत समेटिएकोले पुस्तक अझै सान्दर्भिक छ।

हेटौँडा नामकरण, मकवानपुरमा तामाङ जातिको संख्या बढी हुनका कारण, जिल्लाको उत्तरीक्षेत्रमा रहेको पालुङ सहरको ऐतिहासिक सन्दर्भ, सयौँ वर्ष पुरानो च्याप्टो ढुङ्गाको रहस्य, नेवारको प्राचीन बस्ती झल्काउने एउटै किसिमको मनमोहक घरको इतिहास, चित्लाङ नाम रहनुको इतिहास, सेन वंशको ऐतिहासिक पृष्ठभूमि र सेन शासन कालजस्ता ऐतिहासिक सन्दर्भहरूको पनि संक्षिप्त इतिहास उल्लेख गरिएको छ। मकवानपुरको काव्य जगत्लाई मात्र नभएर सिंगो जिल्लालाई नै परिचित गराउन पुस्तकले ठूलो भुमिका निर्वाह गरेको छ । कृतिमा नेपाली कविता, गजल र मुक्तकको लेखन परम्पराको थालनी, माध्यमिक कालको उत्तरार्ध चरण, नेपाली कवितामा आधुनिक कालका स्वच्छन्दतावादी धारा, प्रयोगवादी धारा, कविता विधामा मकवानपुरको उपस्थितिको पनि वर्णन गरिएको छ ।

मकवानपुरका कविता, गजल र मुक्तक विधामा अहिलेसम्म प्रकाशित भएका कृतिको अभिलेखीकरण गर्नुका साथै प्रकाशित सिर्जनाको अध्ययनमा देखिएको विशेषता र स्रष्टाको आफ्नै प्रवृत्ति, क्षमता एवम् वैचारिक दक्षताको कारण कमजोर पक्षको पनि दृष्टिगत गरिएको छ। पुस्तकलाई थाहा नगरपालिकाले प्रकाशन गरेको हो ।

# अन्तराष्ट्रिय कराँते प्रतियोगितामा थाहा नगरबाट ८ जना प्रतिस्पर्धा गर्दै




◆ विकास संवाददाता

काठमाण्डौंमा १६ असारबाट हुने दोस्रो खुल्ला अन्तराष्ट्रिय कराँते प्रतियोगितामा मकवानपुर थाहानगरबाट ८ जनाले सहभागिता जनाएने भएका छन् । नेपाल गोजुरियो कराते दो संघको आयोजनामा काठमाण्डौंको त्रिपुरेश्वर दशरथ रंगशालाको कवर्डहलमा हुने प्रतियोगितामा थाहानगरबाट सहभागिता हुने भएको प्रशिक्षक मानसिंह दोङले जानकारी दिए ।

प्रतियोगितामा थाहा-४ बाट रिबु केसी, थाहा ५ बाट आकृती तितुङ, थाहा ५ कै सुशान्त दोङ, सुस्मिता दोङ थाहा ४ बाट सन्जिता गोले, थाहा २ बाट कृतिका थोकर, थाहा ३ बाट सन्तोष गोपाली, थाहा ४ बाट अबजित अधिकारी सहभागी हुने भएका हुन् । उनीहरू नेपाल गोजुरियो कराते दो संघ शाखा दोजो थाहाबाट उनीहरू सहभागी भएका हुन ।

थाहाबाट यसअघि राष्ट्रिय प्रतियोगितामा १ गोल्ड मेडल, ५ रजत पदक, १ कास्य पदक प्राप्त गरेका थिए भने यसपटक अन्तराष्ट्रिय प्रतिस्पर्धा हुने भएकोले प्रतियोगिता सहज नहुने प्रशिक्षक मानसिङ दोङले बताए । प्रतियोगितामा नेपालससहित भारत, बंगलादेशलगायतका खेलाडीहरू सहभागी हुदैछन ।

# इन्द्रसरोवर गाउँपालिकामा हाजिर नभएका विद्यार्थीलाई खाजा ?

◆ विकास संवाददाता


मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको दिवा खाजा वापतको र कम बढि भुक्तानी गरेको छ ।

पालिकाले निकालेको इएमआइएस प्रतिवेदन तथा विद्यालयले पेश गरेको विद्यार्थीको प्रमाणित हाजिरी विवरण भन्दा बढि रकम भुक्तानी दिएको हो ।

गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा ६० हजार ७५ रूपियाँ दिवाखाजा वापत बढि भुक्तानी गरेको उल्लेख गरिएको छ । गाउँपालिका अन्तर्गतका विभिन्न ७ विद्यालयहरूलाई दिइएको बढि रकम असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

लेखापरीक्षण वर्षमा ५ कक्षासम्मका बालबालिकाहरूलाई दिवाखाजा वापत प्रति विद्यार्थी १५ रूपियाँको दरले पालिकाले निकासा गर्ने गरेको थियो ।



# गर्मीको समयमा खाना खाँदा ध्यान दिऔं

- बासी र सडेगलेका खानेकुराहरु नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिङ्गा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर खाऔं ।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र
## नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना



जेष्ठ नागरिक   एकल महिला   अशक्त/अपाङ्ग



लोपोन्मुख जाति   बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गतेदेखि २०७९ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर



# नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।





बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं/ गराऔं ।



बालविवाह अन्त्य गरौं ।



बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।



बालविवाह गरी घरेलु हिंसामा नफसौं ।



बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौं ।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

**थाहा नगरपालिका**
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी